कोविड – १९ को खोप को विषय मा नविनतम जानकारी

डा : फु डी

## खोपहरु ?

● यदि मैले चीनको मुख्य भूमि वा विदेशमा खोपको पहिलो / दोस्रो / तेस्रो खुराक प्राप्त गरेको छु भने, के मैले हङकङमा खोप फेरि प्राप्त गर्न आवश्यक छ?

● बालबालिकाहरु ?

## यदि एकजना व्यक्ति ले चीनको मुख्य भूमि वा विदेशमा खोपको पहिलो / दोस्रो / तेस्रो खुराक प्राप्त गरेको छ भने, के वहाँ ले फेरि खोप प्राप्त गर्न आवश्यक छ?

● यदि खोप लगाएको व्यक्ति ले खोप को पहिलो अनि / अथवा दोस्रो खुराक हंग कंग बाहिर प्राप्त गरेको छ भने, उनीहरूले अनलाइन प्रणाली मार्फत खोपको तेस्रो खुराक को लागि व्यवस्था गर्न सक्दैनन् I उपरोक्त व्यक्तिहरु ले खोप को पहिलो अनि दोस्रो खुराक लिएको रेकर्ड साथ मा लिएर आउनु पर्छ अनि सोझै खोप दिने केन्द्रमा खोप लिन जान पर्छ I

● थप रूपमा, यदि हङकङ बाहिर प्राप्त भएको पहिलो र / वा दोस्रो खोप साइनोभ्याक (कोरोना भ्याक) वा बियोनटेक (कोमिर्नाटी) खोप होइन भने, त्यस व्यक्तिले कोभिड-१९ तेस्रो खोपको खुराक कुन चाँही उपयुक्त हुनु सक्छ भन्ने कुरोमा  खोप दिने केन्द्र मा कर्तव्यरत चिकित्सकहरू सँग परामर्श गर्नुपर्छ।

## साइनोभ्याक खोप (कोरोनाभ्याक) लिने न्यूनतम उमेर १५ फरवरी देखि तीन वर्षमा झारिएको छ।

● तीन वर्ष उमेर पुगेका वा त्यस भन्दा बढी उमेर का बालबालिकाहरु ले अब साइनोभ्याक (कोरोना भ्याक) खोप लिन सक्छन I

● पाँच वर्ष उमेर पुगेका वा त्यस भन्दा बढी उमेर का बालबालिकाहरु ले अब बियोनटेक (कोमिर्नाटी) खोप लिन सक्छन I

हङकङको काउलुन खाडीमा रहेको बाल अस्पताल र शा टिनको युएन चाउ कोक स्पोर्ट्स सेन्टरमा रहेका बालबालिका सामुदायिक खोप केन्द्रहरू ("सीसीभीसीहरु") ५ देखि ११ वर्षका बालबालिकालाई बियोनटेक खोप सेवा प्रदान गर्न फरवरी १६ देखि सञ्चालनमा आएका थिए भने हङकङको वोङ चुक ह्याङ मा भएको ग्लेनेगल अस्पताल मा एचकेयु सीसीभीसी फरवरी २४ देखि सेवा केन्द्र सञ्चालनमा आएको थियो।

आमाबाबु / अभिभावकहरूले कोविड – १९ को खोप कार्यक्रमको तोकिएको वेबसाइट (www.covidvaccine.gov.hk) मार्फत सीसीभीसी मा बियोनटेक खोपहरू आफ्ना बच्चाहरूको लागि प्राप्त गर्नका निम्ति आरक्षण गर्न सक्छन्। बालबालिकाले आफ्ना आमाबाबुले हस्ताक्षर गरेको सहमति फारम साथमा ल्याउन आवश्यक छ र खोप लगाउने मितिमा उनीहरूका आमाबाबु / अभिभावकहरू व्यक्तिगत रूपमा साथमा हुनुपर्छ। सहमति फारम खोप कार्यक्रमको तोकिएको वेबसाइट (www.covidvaccine.gov.hk/pdf/Consent_Form_for_Fractional_BioNTech_Vaccination_ENG.pdf) बाट डाउनलोड गर्न सकिन्छ। खोप लगाउने मितिमा व्यक्तिले मूल परिचय पत्र साथमा ल्याउनु पर्नेछ। यदि पहिचान कागजातहरूमा बच्चाको फोटो छैन, जस्तै जन्म प्रमाणपत्र, तब विद्यार्थीको फोटो भएको विद्यालय का कागजातहरू (जस्तै स्कूल ह्यान्डबुकहरू) खोपको समयमा प्रस्तुत गर्नुपर्छ।

## वृद्धहरूका लागि कोविड- १९ खोपको खुराकहरू दिनलाई बीचको संशोधित अन्तराल

● साइनोभ्याक वा बियोनटेक खोपहरु को दुई खुराक प्राप्त गरेका ६० वर्ष वा सो भन्दा माथिका व्यक्तिहरूका लागि तेस्रो खुराक प्राप्त गर्ने समयको अन्तराल दोस्रो खुराक पछि छ महिनाबाट घटाएर **तीन महिनामा** राखिएको छ।

## बालबालिकाहरु र किशोरकिशोरीहरूका लागि कोविड – १९ खोपको खुराकहरू दिनलाई बीचको संशोधित अन्तराल

● ५ देखि १७ वर्षका बालबालिका र किशोरकिशोरीहरू: बियोनटेक खोपको पहिलो दुई खुराकहरू बीचको समय अन्तराल १२ हप्ताबाट **आठ हप्तासम्म** घटाइनेछ।

● **साइनोभ्याक** खोप को दुई खुराक पाएका युवाहरू: उनीहरूले दोस्रो खुराक को **तीन महिना**पछि तेस्रो खुराक को रूपमा साइनोभ्याक वा बियोनटेक खोप प्राप्त गर्न सक्छन्।

● **बियोनटेक** खोपको दुई खुराक प्राप्त गरेका युवाहरू: उनीहरूले दोस्रो खुराक को **पाँच महिना**पछि तेस्रो खुराक को रूपमा साइनोभ्याक वा बियोनटेक खोप प्राप्त गर्न सक्छन्।

## प्रतिरक्षागत अक्षम बच्चाहरूको लागि कोविड – १९ को खोपको खुराकहरू बीचको संशोधित अन्तरालहरू

● १२ वर्ष भन्दा कम उमेरका: उनीहरूले साइनोभ्याक वा बियोनटेक खोप को पहिलो दुई खुराक प्राप्त गरेको चार हप्तापछि तेस्रो खुराक प्राप्त गर्न व्यवस्था मिलाउन सक्छन्।

- १२ वा माथिका उमेर भएकाहरू: तिनीहरूले तेस्रो खुराक पछि तीन महिनाको अन्तरालमा थप खुराक, अर्थात् चौथो खुराक प्राप्त गर्न व्यवस्था मिलाउन सक्छन्।

एउटा संक्षिप्त मार्गनिर्देशन पुरानो रोगले ग्रस्त व्यक्तिहरु को निम्ति

## के म कोविड – १९ को खोप लिन सक्छु ?

हामी मध्ये धेरै जसो कोविड – १९ खोपको लागि उपयुक्त छौं

## कोविड – १९ को खोप लिनुहोस्, आफू र अरूलाई बचाउनुहोस्, अनि जीवाणु उत्परिवर्तनको सम्भावना कम गर्नुहोस्

यदि तपाईं पुरानो रोगल ग्रस्त हुनुहुन्छ अनि तपाईं को रोग स्थितिशील नियन्त्रण मा छ भने, तपाईंले सुरक्षाको लागि खोप लगाउनु पर्छ किनकि तपाईं कोभिड -१९ बाट गम्भीर रोग ले ग्रस्त हुने जोखिममा हुनुहुन्छI

यदि तपाईं आफ्नो रोग नियन्त्रण मा रहेको वा त्यसको अवस्थाको बारेमा निश्चित हुनुहुन्न भने, तपाईंले पहिले आफ्नो डाक्टरसँग छलफल गर्नुपर्छ र खोपको उत्तम समय निर्धारण गर्नुपर्छ।

यदि तपाईँसँग निम्न विरोधाभास(हरू) छन् भने इम्युनोलोजी र एलर्जीका विशेषज्ञहरूले सल्लाह नदिएसम्म खोप नलिनु होस्

कोमिर्नाटी खोप X कोमिर्नाटी को अघिल्लो खुराक वा यसको घटक सित को एलर्जी

---

कोरोना भ्याक खोप X कोरोना भ्याक वा अन्य निष्क्रिय गरिएको खोपहरु मा एलर्जीको इतिहास

X अघिल्लो खोपको गम्भीर एलर्जी प्रतिक्रिया

X स्नायुतन्त्र विषयक गम्भीर अवस्था

X कोरोनाभ्याक खोप पछि स्नायु प्रणाली को कुनै पनि प्रतिकूल प्रतिक्रिया

X अनियन्त्रित गम्भीर पुरानो रोगहरू

खोप प्राप्त गर्ने व्यक्तिहरूले आफ्नो औषधि जारी राख्नेछन्

उच्च रक्तचाप मधुमेह

हृदय सम्बन्धी रोगहरु धम्किको रोग

| | | |
|---|---|---|
| उदाहरणहरु | वायु मार्ग अवरोधक पुरानो रोगहरु<br>कलेजोको पुरानो रोगहरु<br>स्वत: प्रतिरक्षा बाथ रोग | यदि स्थितिशील अवस्थामा छ भने खोप लिनु उचित छ |
| | क्यान्सरहरु | निको भएकाहरूले खोप लगाउनु पर्छ<br>सक्रिय उपचारमा रहेकाहरूले समयको विषयमा डाक्टर सँग छलफल गर्नुपर्छ |
| | प्रतिरक्षा अक्षम भएका रोगीहरु | खोप लगाउनु पर्छ<br>उत्तम समयको लागि डाक्टरसँग छलफल गर्नुहोस् |
| | अंग प्रत्यारोपण | भर्खरै प्रत्यारोपण प्राप्त गरेका वा इम्युनोसप्रेसनको उच्च खुराकमा बाहेक खोप लगाउनु पर्छ |
| | रगत जम्न नदिने औषधि खानेलाई | खोप लगाउन सकिन्छ<br>खोप दिएको स्थानमा ५ मिनेटको लागि लामो प्रत्यक्ष दबाब दिनुहोस् |
| | मुटुको धमनी सम्बन्धी रोग वा तीव्र हृदयाघात | अवस्था स्थिर भएपछि खोपको लागि ३ देखि ६ महिना पर्खनुहोस् |